नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ४६

मितिः- २०८१/०५/०५

ने.सं. ११४४ गुँलागा ०१

विषयः- मानव बेचबिखन तथा ओसारपसार विरुद्धको दिवस मनाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. मा.वे.नि./१६, मिति २०८१/०४/३० को **भदौ २० गते मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अठारौं राष्ट्रिय दिवस, २०८१** मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

(93) संघीय मा.म.

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)
फोन नं: ०१-४२००२१६
फ्याक्स: ०१-४२००११६

प.स: ०८१/८२
च.नं.:- मा.बे.नि./ १८

मिति: २०८१/०४/३०
नेपाल संवत:११४४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४८५
दर्ता मिति:- २०८१/०४/३१

विषयः स्थानीय तहमा पत्राचार गरिदिने सम्बन्धमा ।

यस मन्त्रालयको चालु आ. व. ०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आगामी **भदौ २० गतेका दिन मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अठारौं राष्ट्रिय दिवस, २०८१** मनाउने सम्बन्धमा गठित मूल समारोह समितिको मिति २०८१।०४।२७ को बैठकबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उत्कृष्ठ कार्य सम्पादन गरेका कुनै एक स्थानीय तहलाई उक्त दिवसको अवसरमा तपसिलमा उल्लेखित सूचकका आधारमा सम्मान गर्ने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ । सो सम्बन्धमा स्थानीय तहहरुले मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा सम्पादन गरेका कार्यहरुको विवरण सहित सम्मानका लागि भाद्र १० गते भित्र यस मन्त्रालयको इमेल ठेगाना nccht.nepal@gmail.com मा आवेदन दिने व्यवस्था हुन सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(विश्वमाया न्यौपाने)
महिला बिकास अधिकृत

तपसिलः
स्थानीय तहलाई सम्मानका लागि छनौट गर्ने सूचकहरुः
- नीति तथा कार्यक्रम र बजेटमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय संबोधन भएको,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को गठन भएको,
- गत आ.व. मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को बैठक बसेको संख्या
- मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरुका लागि संचालित पुनर्स्थापना केन्द्र संग समन्वय, सहजीकरण र सहकार्य भएको,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति (DCCHT) समन्वय र सहकार्य भएको।

स्थानीय तह समन्वय शाखा
पत्राचार